# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, फाल्गुण ०५ गते, २०७६ साल संख्या २०

**भाग-२**

**कीर्तिपुर नगरपालिका**


**संवत २०७६ सालको नियमावली नं. २०**

## लेखा समितिको कार्य सञ्चालन नियमावली - २०७६

कीर्तिपुर नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ५ को दफा २२ बमोजिम गठित लेखा समितिको काम, कर्तव्य, अधिकार तथा कार्य सञ्चालनलाई व्यवस्थित गर्नको लागि कीर्तिपुर नगरपालिकाको प्रशासकीय कार्यविधिलाई व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम नगरसभाले लेखा समितिको कार्य सञ्चालन नियमावली - २०७६ स्वीकृत गरेको छ ।

### भाग – १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७६ रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(१) "नगरपालिका" भन्नाले कीर्तिपुर नगरपालिका सम्झनु पर्छ ।

(२) "नियमावली" भन्नाले लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७६ लाई सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले कीर्तिपुर नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु समेतलाई सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले नगरसभाबाट गठित लेखा समितिलाई सम्झनु पर्दछ ।

(५) "प्रमुख" भन्नाले कीर्तिपुर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(६) "उपप्रमुख'" भन्नाले कीर्तिपुर नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कीर्तिपुर नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले कीर्तिपुर नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(९) "नगरसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिम गठित कीर्तिपुर नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(१०)) "पदाधिकारी" भन्नाले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्दछ ।

(११) "योजना" भन्नाले नगरसभा, कार्यपालिका तथा विभिन्न समितिको निर्णयानुसार कार्यान्वयन भएका आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ । यस शब्दले विभिन्न निकायद्धारा बजेट बिनियोजन भई नगरपालिकाको प्रत्यक्ष रेखदेखमा सञ्चालन भएका योजना तथा कार्यक्रमहरु समेतलाई बुझाउने छ ।

(१२) "राजस्व" भन्नाले नगरपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो वापतको जरिवानालाई जनाउँछ ।

(१३) "वार्षिक बजेट" भन्नाले नगरपालिकाको निर्शत, सर्शत,विशेष, वित्तिय सामानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदान र आन्तरिक आय समेतलाई सम्झनु पर्दछ ।

(१४) "बेरुजु"' भन्नाले कार्यक्रम र बजेट अनुसार कार्यसम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई सम्झनु पर्दछ ।

(१५) "आर्थिक अनियमितता" भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ ।

(१६) " लेखापरीक्षण" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ छैन भनेर गरिने परीक्षण सम्झनु पर्दछ ।

## भाग - २ लेखा समितिको गठन

**३. लेखा समितिको गठनः** (१) नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउने उद्द्श्येका साथ नगरसभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिनेछ ।

(क) नगरसभासदस्यहरु मध्ये सभाले छनैट गरेको १ जना -संयोजक

(ख) नगर सभाको सदस्य मध्येबाट दुईजना -सदस्य

समितिमा संयोजक तथा सदस्य मनोनयन गर्दा कम्तीमा एक जना महिलालाई मनोनयन गरिनेछ ।

(२) नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवका रुपमा काम गर्नेछन ।

(३) समितिको बैठकमा समितिका संयोजकले नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र नगरपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) समितिको पदावधि गठन भएका मितिदेखि यो नगरसभाको कार्यकाल रहेसम्म वा नगरसभाले परिवर्तन गर्न आवश्यक नठानेसम्म रहनेछ ।

## भाग-३ लेखा समितिको काम,कर्तव्य र अधिकार

**४. लेखा समितिको काम, कर्तव्य र अधिकारः** (१) नियम ३ बमोजिम गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरी कार्यपालिकालाई राय, सुझाव र कार्यपालिका तथा नगरसभा समक्ष प्रतिवदेन पेश गर्नेछ ।

**(क) कार्यपालिकालाई राय सुझाव दिने विषयहरु :**

(१) वार्षिक बजेटले अनुमान गरे बमोजिमको श्रोत परिचालन तथा राजस्व संकलन, लक्ष्य बमोजिम चौमासिक प्रगती भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तीका विषयमा आवश्यक सल्लाह सुझाव दिने ।

(२) वार्षिक बजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम सञ्चालन भए नभएको र लक्ष्य पुरा गर्न तत्काल लिनु पर्ने रणनीतिका सम्बन्धमा सुझाब दिने ।

(३) कार्यपालिकाबाट नगरपालिकाको राजस्व तथा श्रोत परिचालन सम्बन्धमा भए गरेका निणर्यको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनु पर्ने भएमा सुझाव दिने ।

(४) कार्यपालिकाको कार्यालयमा भए गरेका कार्यमा वित्तिय अनुशासन कायम गराउन आवश्यक सुझाव प्रदान गर्ने ।

(५) पेश्की, बेरुजुको अवस्था विश्लेषण गर्दै सो को फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाब प्रदान ।

(६) नगर कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चको विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेको वा नगर कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेको गतिविधिको नमूना लेखा परीक्षण गरि कायर्पालिकालाई सुझाब प्रदान गर्ने ।

(७) नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाको चौमासिक प्रतिवदेन माथि समीक्षा गर्ने ।

(८) नगरपालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान गर्ने ।

(९) वित्तिय सुशासन कायम गर्ने सम्बन्धमा कार्यापालिकाले सुझाब मागेको विषयमा आवश्यक परामर्श दिने ।

**(ख) नगरसभा समक्ष प्रतिवदेन पेश गर्ने विषयहरु :**

(१) नगर सभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिम काम भएको वा नभएको बारेमा लिखित प्रतिवदेन र सुझाबहरु समेत सभामा पेश गर्नु पर्नेछ ।

(२) नगर सभाबाट स्वीकृत अनुमानित स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।

(३) नगरपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लेखित कार्यक्रम सञ्चालन भए वा नभएको अध्ययन गर्ने ।

(४) लेखा परीक्षणबाट औल्याइएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फछ्र्यौट गर्न आवश्यक काम कारबाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने ।

(५) वडा कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको बारेमा वडा अनुसार स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गरी कुनै वडा अन्य वडा भन्दा औषतमा पछाडि परेको देखिए सोको कारण समेत पत्ता लगाई प्रतिवेदन तयार गर्ने ।

(६) समितिले कार्यपालिकालाई दिएका सुझाबहरु र सो को कार्यान्वयन अवस्थाका बारेमा जानकारी राख्ने ।

(७) नगरसभाले तोकेका अन्य विषय र क्षेत्रहरुको बारेमा अध्ययन गरी सुझव दिने ,

(८) समितिले आफ्नो कार्यक्षेत्रभित्र रही गरेका कामहरुको प्रतिवेदन चौमासिक रुपमा नगरकार्यपालिका समक्ष र अर्धवार्षिक रुपमा नगरसभासमक्ष पेश गर्नुर्ने छ ।

(२) उपनियम (१) खण्ड (ख) बमोजिमको प्रतिवदेन तयार गर्दा लेखा समितिले आवश्यकता अनुसार नगरपालिका क्षेत्रभित्रका उद्यमी, व्यापारी तथा स्थानीय बुद्धिजीवीलाई आवश्यकताको आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) खण्ड (ख) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात नगरपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ र आमन्त्रण भएका अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय सल्लाह र सुझाब लिखित र मौखिक रुपमा दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५. लेखा समितिको बैठक सम्बन्धी व्यवस्था र सुविधा : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) लेखा समितिको बैठकमा भाग लिए बापत लेखा समितिका सदस्य र आमन्त्रीत पदाधिकारीले कार्यपालिका सदस्यले कार्यपालिका बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता सरह बैठक भत्ता पाउनेछन ।

(३) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई नगरसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउन पर्नेछ ।

## भाग-४ लेखा समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचरणहरु

६. लेखा समितिका संयोजक र सदस्यहरुले पालना गर्नु पर्ने सामान्य आचरणहरु निम्नानुसार रहनेछ । (१) स्थानीय सरकार सञ्चालन ऐनका मान्य सिद्धान्त विपरित सावर्जनिक वक्तव्य दिन नहुने ।

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।

(३) नगरवासी प्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्न नहुने ।

(४) नगरपालिका र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, रचना, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्न वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिनेछैन ।

(५) नगरपालिकाका साधनश्रोतको दुरुपयोग गर्न नहुने,

(६) प्रचलित ऐन नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न गराउनु पर्ने,

(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने

(८) कार्य जिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने

(९) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने

(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने

(११) समितिका सदस्यहरुले कुनै बिषयको अध्ययन तथा अनुसन्धानको सिलसिलामा जानकारी भएको बिषयमा सार्वजनिक रुपमा संचार माध्यमलाई जानकारी गराउने, वक्तव्य दिने वा कुनै किसिमबाट सार्वजनिक गर्न पाईने छैन ।

## भाग-५ विविध

७. प्रचलित कानून बमोजिम हुने : यस नियमावलीमा उल्लेख भएका प्रवधानहरु यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. बाधा अडकाउ फुकाउ : यस नियमावली कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगरसभाले निर्णय बमोजिम हुनेछ ।

९. संशोधन तथा खारेजी : यो नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा नगरसभाले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः- २०७६/११/०५

आज्ञाले
(ध्रुवराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत